# स्थानीय राजपत्र

सैनामैना नगरपालिका

**स्थानीय राजपत्र**

खण्ड २) सैनामैना, असोज महिना २५ गते २०७५ साल (संख्या ११


**भाग : २**

**सैनामैना नगरपालिका**

सैनामैना नगरपालिकाबाट स्वीकृत कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको

**सैनामैना नगरपालिकाको नदीजन्य पदार्थ तथा अन्य पदार्थ उत्खनन, ओसारपसार तथा बिक्री वितरण गर्ने (पहिलो संशोधन) कार्यविधि, २०७५**

**प्रस्तावना :** सैनामैना नगरपालिकाको नदीजन्य पदार्थ तथा अन्य पदार्थ उत्खनन, ओसारपसार तथा बिक्री वितरण गर्ने कार्यविधि, २०७४ संशोधन गर्न वाञ्छनीय भएकाले सैनामैना नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** :

(१) यस कार्यविधिको नाम "सैनामैना नगरपालिकाको नदीजन्य पदार्थ तथा अन्य पदार्थ उत्खनन, ओसारपसार तथा बिक्री वितरण गर्ने (पहिलो संशोधन) कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

३. **सैनामैना नगरपालिकाको नदीजन्य पदार्थ तथा अन्य पदार्थ उत्खनन, ओसारपसार तथा बिक्री वितरण गर्नेकार्यविधि, २०७४ को दफा ६ पछि देहाय बमोजिमको दफा ६क थप गरिएको छ :**

६क. **अन्य पदार्थको उत्खनन विधि** : यस कार्यविधि बमोजिम व्यक्तिको नाममा रहेको दर्तावाल निजी जगगाबाट अन्य पदार्थ उत्खनन गर्दा उत्खननकर्ताले (ठेक्का भएका बखत ठेकेदार र ठेक्का नलागेका

Scanned with CamScanner

बखत उपभोक्ता स्वयम) देहायको सर्त तथा मापदण्ड पालना गनु पर्ने छ ।

(१) अन्य पदार्थ उत्खनन गरिने क्षेत्रको परिमाण यकिन गर्दा सम्बन्धित स्थानीय तहका प्रतिनिधी, र स्थानीय बासिन्दा समेतको रोहबरमा चौकिल्ला निर्धारण गरी निकालिने परिमाण र उत्खनन गरिने गहिराई समेत जानकारी गराई सिमाङ्कन गर्नु पर्ने ।

(२) उत्खनन पश्चात के कति परिमाण निकालेको रहेछ भनी नापजाँच गर्न मिल्ने गरी निशाना लगाई निर्धारित परिमाण भन्दा बढी उत्खनन गर्न नपाउने साँध, किल्ला र निसानाका आधारमा परिमाण यकिन गरे पछि मात्र सो स्थानबाट उत्खनन कार्यको थालनी गर्ने । यसरी गरिएको सीमा भित्रबाट मात्र उत्खननकर्ताले अन्य पदार्थ उत्खनन गरी लैजान सक्ने ।

(३) अन्य पदार्थ उत्खनन गर्दा कार्यालयबाट खटिएका कर्मचारीको प्रत्यक्ष निर्देशनमा रेखाङ्कन गरिएको क्षेत्र भित्रको सीमाबाट यान्त्रिक उपकरण प्रयोग गरी उत्खनन् गर्न सकिनेछ ।

(४) अन्य पदार्थ उत्खनन गर्ने समय बिहान ७ बजे देखि प्रारम्भ गरी साँझ ६ बजे सम्म मात्र कायम गर्ने । अन्य समयमा उत्खनन गर्न नपाउने गरी अनुगमन संयन्त्रलाई प्रभावकारी तुल्याउने ।

(५) उत्खनन गरि सके पछि छनौट गरी छाडिएको काम नलाग्ने वस्तु जुन स्थानबाट निकालिएको हो सोही स्थलमा लगी छाड्नु पर्नेछ । उत्खनन गर्दा तोकिएको गहिराइ सम्म मात्र तह मिलाई उत्खनन गर्नु पर्नेछ ।

(६) उत्खनन कार्यमा खटिने सबन्धित पक्षले अनुगमन समितिले बेला बेलामा दिइएको निर्देशन पालना गर्नु पर्नेछ ।

(७) उत्खनन स्थलमा टेक्टर, टिप्पर र ३५० घ.फीट सम्मका भारी ढुवानी साधन बाहेक अन्य साधन प्रवेशमा रोक लगाउने ।

**४. सैनामैना नगरपालिकाको नदीजन्य पदार्थ तथा अन्य पदार्थ उत्खनन, ओसारपसार तथा बिक्री वितरण गर्ने कार्यविधि, २०७४ को दफा ७ पछि देहाय बमोजिमको दफा ७ क थप गरिएको छ :**

७क. <u>**अन्य पदार्थको ओसारपसार गर्ने विधिः**</u> अन्य पदार्थ ओसारपसार गर्ने ढुवानीकर्ताले देहाय बमोजिम गर्नु पर्ने छ ।

(१) आदेश लिई उत्खनन गरिने स्थलमा प्रवेश गरी उत्खनन गरी अन्य पदार्थ लोड भएका सवारी साधनहरुले ढुवानी अवधिभर राजस्व तिरेको निस्सा साथमा लिएर मात्र ओसार सार गर्नु पर्नेछ ।

Scanned with CamScanner

(२) अन्य पदार्थ उत्खनन भएको स्थानबाट ओसारपसार गर्ने समय बिहान ७ बजेदेखि साँझ ६ बजेसम्म र कार्तिक १६ देखि माघ १५ सम्म बिहान ८ : ०० बजेदेखि साँझ ५ बजेसम्म मात्र कायम गर्ने ।

(३) अन्य पदार्थ ढुवानी गर्दा ट्रेक्टर र ३०० घ.फु. सम्मको ट्रक/टिप्पर मात्रको प्रयोग गर्न दिने । सो को अनुगमनको प्रबन्ध नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले गर्ने ।

(४) अन्य पदार्थ ढुवानी गर्ने सवारीले ढुवानी अवधिभर प्रेसर हर्न प्रयोग गर्न निषेध गर्ने । सोको अनुगमनको प्रबन्ध नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले गर्ने ।

(५) अन्य पदार्थ ढुवानी गर्ने साधनले उत्खनन स्थलबाटै ढाकेर लैजानु पर्ने छ र ४० कि.मी. प्रति घण्टाभन्दा बढी गतिमा हाँक्न पाउने छैन ।

(६) मूल बाटोबाट उत्खनन स्थल तर्फ सवारी साधन प्रवेश हुने मार्गको नियमित मर्मत सम्बन्धित न.पा. ले गर्ने र धुलो उड्न नदिन नियमित पानी छर्कने प्रबन्ध उत्खननकर्ता र ढुवानीकर्ताले मिलाउने ।

(७) निजी प्रयोगका लागि भन्सार सुविधा लिई दर्ता भएका रातो प्लेट का सवारी साधनले अन्य पदार्थ भाडा वा ठेक्कामा ढुवानी गर्न पाउने छैनन् ।

तर निर्माण व्यवसायीले कम्पनीको नाममा दर्ता भएका रातो प्लेटका सवारी साधन प्रयोग गर्न बाधा पर्ने छैन ।

(८) अन्य पदार्थ लोड गरी ओसारपसार गर्ने क्रममा लोड सवारी साधन गन्तव्यमा नपुगन्जेल सडकमा पार्किङ्ग गर्न निषेध गर्ने । सवारी साधन बिग्रेको हकमा यथासम्भव छिटो ढुवानीकर्ताले अर्को व्यवस्था गरी हटाउनु पर्ने ।

(९) अन्य पदार्थको ओसारपसार गर्न निर्धारण गरिएको माथि उल्लेखित विधिको परिपालना सम्बन्धमा नगरपालिकाले प्रभावकारी अनुगमनको प्रबन्ध मिलाउने ।

(१०) जग्गा सम्याउँदा अनिवार्य साँध सँधियारको रोहवरमा सरजमिन तयार गरी अनुमति दिइनेछ ।

प्रमाणिकरण मिति : २०७५ असोज २४ गते

आज्ञाले
(कृष्ण प्रसाद भण्डारी)
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner